नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ती विरुद्धको कसूर ।

मि.नं. ४०४, दायर मिति-:२०८०-११-०१

फैसला मिति-२०८१-०१-०६

वादी

प्र.स.नि.गुलसन कुमार सिंह समेतको प्रतिवेदनले नेपाल सरकार-------१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.३ बस्ने बर्ष २३ को समिर खान समेत २---------------------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीले बिभिन्न अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. अपशब्द प्रयोग गर्दै गाली गलौज तथा कर्तव्य पालनामा बाधा पुऱ्याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अजित साह समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।१०।१० गते जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१० स्थित ड्युटीमा रहेका प्रहरी कर्मचारीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएकोले प्रतिवादीहरु समिर खान र मनिष सहनीलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादीहरु समिर खान र मनिष सहनीलाई जरिवाना जनही रु २,०००। - अक्षेरुपी दुई हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादीहरु समिर खान लाई जरिवानाको हकमा मिति २०८०-११-०२ गते र.नं. ३७६ बाट र मनिष सहनीलाई जरिवानाको हकमा मिति २०८०-१२-११ गते र.नं. ४८० बाट दाखिला गरेको धरौटी रकम जनही रु २,००० ।- बाट जरिवाना रकम जनही रु २,०००।- कट्टा गरी मिनाहा गर्नु।-१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। -----------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु----१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल बैशाख महिना ०६ गते रोज ५ / ने.सं. ११४४ चौलाथ्व ,१० बिहिबार शुभम् ............